तिमीहरुलाई थाहा छ, तिमीहरुको प्रभुले के भन्नुभएको छ?" तिनीहरूले भने अल्लाह र उहाँका रसूल लाई राम्ररी ज्ञान छ, उहाँले भन्नुभयो: "मेरा भक्तहरू मध्ये केही मोमिन (ममा विश्वास गर्ने) र अर्को काफिर

जैद बिन खालिद अल-जोहनी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उहाँले भन्नु हुन्छः रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई "हुदैबिया" भन्ने ठाउँ मा फजरको नमाज पढाउनु भयो र त्यस अघिल्लो रात वर्षा भएको थियो । नमाज पढे पछि मानिसहरूतर्फ फर्किएर भन्नुभयो: " तिमीहरुलाई थाहा छ, तिमीहरुको प्रभुले के भन्नुभएको छ?" तिनीहरूले भने अल्लाह र उहाँका रसूल लाई राम्ररी ज्ञान छ, उहाँले भन्नुभयो: "मेरा भक्तहरू मध्ये
केही मोमिन (ममा विश्वास गर्ने) र अर्को काफिर (अविश्वासी) भएको छन् । जसले भन्छ: अल्लाहको कृपा र दयाले वर्षा भएको हो, उसले ममा विश्वास गर्यो र नक्षत्रलाई इन्कार गर्यो र जसले भन्छ: ग्रह र नक्षत्रले गर्दा वर्षा भएको हो, उसले नक्षत्रमा विश्वास गर्यो र म माथि अविश्वास गर्यो ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हुदैबिया (मक्का नजिकको गाउँ) मा फजरको नमाज पढाउनु भयो र त्यस अघिल्लो रात पानी परेको थियो । नमाज पढिसकेपछि मानिसहरूतर्फ फर्किएर सोध्नुयो: "तिमीहरुको पालनकर्ताले के भन्नुभएको छ, तिमीहरुलाई थाहा छ?" उहाँका साथीहरूले भने: अल्लाह र उहाँका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: अल्लाहले स्पष्ट गर्नुभएको छ कि जब वर्षा हुन्छ मानिसहरू दुई समूहमा विभाजित हुन्छन्: एक समूह जसले अल्लाहमा विश्वास गर्दछ र अर्को समूह जसले सर्वशक्तिमान् ईश्वरलाई इन्कार गर्दछ। यसर्थ, जसले भन्छ: अल्लाहको कृपा र दयाले वर्षा भयो र वर्षाको श्रेय अल्लाहलाई दिन्छ, त्यो व्यक्ति अल्लाह, यस संसारको सृष्टिकर्ता र ब्रह्माण्डको शासकमा विश्वास गर्ने हो र नक्षत्रलाई इन्कार गर्ने हो। र जसले भन्छ: फलानो तारा वा ग्रहले गर्दा वर्षा भयो; त्यो व्यक्ति ईश्वरलाई इन्कार गर्ने र ग्रहमा विश्वास गर्ने हो | यो सानो कुफ्र (अविश्वास) हो । किनभने उसले तारालाई वर्षाको श्रेय दियो, जबकि तारा नक्षत्रले गर्दा वर्षा हुन्छ भन्ने कुरा न त धार्मीक शास्त्र मा उल्लेख छ न त सांसारिक विधिले नै पुष्टि हुन्छ । तर, जसले वर्षा र अन्य लौकिक दुर्घटनाहरूलाई ताराहरूको उदय वा अस्ताउन सँग जोडदछ र त्यसलाई नै वास्तविक कारक मान्छ त्यो व्यक्ति ठूलो (खुलस्त) काफिर हो ।

https://sunnah.global/hadeeth/ne/show/65010


النجاة الخيرية
ALNAJAT CHARITY


لجنة الدعوة الإلكترونية
EDC
E-Da'wah Committee